आ.व. २०३८।०३९ देखि आ.व. ०७१।०७२ सम्म यस समितिबाट संचालन गरिएका मुख्य मुख्य कार्यहरु :-

## कार्य प्रगति तालिका

| सि.नं. | विषय शिर्षक | सम्पन्न कार्य |
|---|---|---|
| १ | सीप विकास तालिम | ११५७४६ |
| २ | उद्यमशिलता विकास तालिम (EDP) | १६०४९ |
| ३ | उद्यमी उत्प्रेरक तालिम | २८६६ |
| ४ | लेखा, बजार, होटल व्यवस्थापन तालिम | १२५८ |
| ५ | उद्यमी विकास कार्यक्रम | १३६१२ |
| ६ | उद्योग प्रवर्द्धन कार्यक्रम | २५७२७ |
| ७ | औद्योगिक प्रदर्शनी तथा राष्ट्रिय उत्कृष्ट उद्यमी पुरस्कार कार्यक्रम | २७ औं औद्योगिक प्रदर्शनी कार्यक्रम मिति २०७२ फागुन ४-९ सम्म सञ्चालन भई सम्पन्न |
| ८ | औद्योगिक भ्रमण | ४९२* |
| ९ | प्रवर्द्धन परामर्श सेवा कार्यक्रम औ.स. | ८०३७०** |
| १० | महिला उद्यमी विकास कार्यक्रम | २०५२ सालबाट सञ्चालित |
| | क) उद्यमी विकास कार्यक्रम<br>ख) उद्योग प्रवर्द्धन कार्यक्रम<br>ग) अन्तरक्रिया कार्यक्रम<br>घ) औद्योगिक भ्रमण<br>ङ) सीप विकास तालिम<br>च) लेखा तथा बजार व्यवस्थापन तालिम<br>छ) उद्यमशिलता विकास तालिम<br>ज) एन.जि.ओ. सहभागि तालिम<br>झ) बजार समन्वय कार्यक्रम | ७९१<br>२१३०<br>११८<br>७०<br>६२२०<br>१७९<br>३११<br>७१२<br>२९ |
| ११ | ऋण लगानी (४०३६ उद्योग) | ३०१५९६६० |
| १२ | डिजाईन, विकास तथा वितरण | ६४७३ |
| १३ | प्याकेज सेवा (कच्चा पदार्थ, मेशिन औजार खरिद विक्रि सेवा) | ७११३५६३*** |
| १४ | परियोजना तयारी तथा वितरण | ५६२६ **** |
| १५ | प्रशिक्षार्थी प्रतिस्थापन (केन्द्र+जिल्ला) | ६० % |
| १६ | उपयुक्त प्रविधि हस्तारन्तरण | २४५९ उद्योग |
| १७ | फर्म दर्ता (वाणिज्य) | ४५१७५ फर्म |
| १८ | उद्योग दर्ता | ३१०९७ उद्योग |

* सीप विकास तालिम, अन द जव तालिम, एन.जि.ओ. सहभागि तालिम, तथा आ.व. २०५४।०५५ सम्मको होटल तथा अन्य व्यवस्थापन तालिम समेत समावेश ।

** आ.व. २०५०।०५१ देखि परियोजना तर्जुमा र वितरण कार्यक्रम समेत यसै शिर्षक अन्तर्गत समावेश गरिएको ।

*** आ.व. २०४८।०४९ सम्मको मात्र ।

**** आ.व. २०४९।०५० सम्मको प्रगति मात्र समावेश । तत्पश्चात् स्किम वितरण कार्य पनि प्रवर्द्धन तथा परामर्श सेवा कार्यक्रममा समावेश गरिएको ।

## घरेलु तथा साना उद्योग विकास समितिबाट प्रदान गरिने सीप विकास तालिमहरू:

१. अगरबत्ती
२. अल्लो प्रशोधन तथा धागो कताई
३. अल्लो कपडा बुनाई
४. अदुवा प्रशोधन
५. इम्ब्राईडरी
६. ढाका कपडा बुनाई
७. ऊनी राडीपाखी बुनाई
८. ऊनी शल बुनाई
९. ऊनी कपडा बुनाई
१०. रेशा हस्तकला
११. ऊनी धागो कताई
१२. कफी प्रशोधन
१३. कपडा तथा धागो रङ्गाई
१४. कपडा बुनाई (हाते, अर्ध-स्वचालित एवं स्वचालित तानहरूबाट)
१५. काष्ठ हस्तकला
१६. केतुकी प्रशोधन
१७. खाम फाइल र स्टेशनरी
१८. खुकुरी बनाउने
१९. गलैंचा बुनाई
२०. लप्सी क्याण्डी
२१. केचप
२२. अचार
२३. गुन्द्रुक, मस्यौरा, सिन्की
२४. चक बनाउने
२५. च्युरी घ्यू प्रशोधन
२६. चाउचाउ बनाउने
२७. छालाका विभिन्न बस्तु तयारी
२८. छाला प्रशोधन
२९. छ्वाली हस्तकला/ढकी बुनाई
३०. डोरी बनाउने
३१. जनरल इलेक्ट्रीकल वर्क्स
३२. जुट गलैचा बुनाई
३३. जुट झोला बुनाई
३४. जुत्ता सिलाई तथा मर्मत
३५. झोला बुनाई
३६. टाई-डाई (रंङ्गाइ) विधि
३७. डेरी घ्यू
३८. डकर्मी
३९. सिलाई कटाई
४०. दालमोठ, आलु चिप्स
४१. धातु हस्तकला
४२. पुरूष कपाल कटाई
४३. महिला व्यूटिसियन
४४. पोते (बिड्स) सामग्री
४५. प्लम्बिङ्ग, स्यानेटरी
४६. फलफूल प्रशोधन
४७. तरकारी प्रशोधन
४८. ब्लक छपाई
४९. फेब्रीक पेन्टिङ्ग
५०. बाकस बनाउने
५१. बेकरी
५२. बेतबाँस सामग्री
५३. मुढा बनाउने
५४. धातुका भाँडाकुँडा बनाउने
५५. भिमल प्रशोधन र बुनाई
५६. मेकानिकल वर्क्स
५७. मसला बनाउने
५८. माटाका भाँडा
५९. मैनवत्ती बनाउने
६०. मोजा बुनाई
६१. टायर मर्मत
६२. मोटरसाईकल मर्मत
६३. मौरीघार निर्माण
६४. मौरी पालन र महप्रशोधन
६५. रेडियो, टि.भी. मर्मत
६६. रेशम धागो कताई
६७. लिऊ बुनाई
६८. साईकल, रिक्सा मर्मत
६९. सल्लेपिर, बुनाई
७०. साइन बोर्ड पेन्टिङ्ग
७१. बिजुली जडान तथा मर्मत
७२. साबुन बनाउने
७३. सोलार हिटर
७४. सिकर्मी
७५. सिमेन्ट टाएल (छाउने) निर्माण
७६. सिमेन्ट हलो ब्लक
७७. सुधारिएको धुवाँरहित चुल्हो
७८. हाउस वायरिङ्ग
७९. हाते कागज र सामग्री
८०. हाउस पेन्टिङ्ग
८१. होजियरी बुनाई
८२. फोटो तथा भिडियोग्राफी
८३. मुरब्वा बनाउने
८४. टिका (बिन्दिया) बनाउने
८५. ब्रुस बनाउने
८६. भुजा (मुरी) बनाउने
८७. कम्प्युटर तालिम (आधारभूत)
८८. नटक्राफ्ट
८९. उड कार्भिङ्ग
९०. क्रिष्टलका सामग्री बनाउने
९१. तोफु बनाउने
९२. मखमली जुत्ता बनाउने
९३. ड्राइभिङ
९४. स्क्याफोल्डीङ
९५. ग्याफि्टङ
९६. विविधः (स्थानीय माग र संभाव्यता अनुसार)




'उद्योग गरौं आम्दानी बढाऔं'

नेपाल सरकार
उद्योग मन्त्रालय

# घरेलु तथा साना उद्योग विकास समिति




**प्रधान कार्यालय**

त्रिपुरेश्वर, काठमाडौं
पो.ब.नं. ३२५४, फोन नं.: ४२६१८४४, ४२५६३२०
फ्याक्स: ९७७-१-४२६१५७२, इमेल: csidbtk@ntc.net.np, csidbsamachar@gmail.com
वेभसाइट: www.csidb.gov.np

२०७२ फागुन

# पृष्ठभूमि

लघु, घरेलु तथा साना उद्योगहरुको विकास र विस्तारका लागि संस्थागत रुपमा प्रवर्द्धनात्मक सेवाहरु उपलब्ध गराउन (घरेलु तथा ग्रामीण उद्योग विकास समिति गठन आदेश, २०२१ बमोजिम) घरेलु तथा साना उद्योग विकास समितिको स्थापना गरिएको हो। २०४९ बाट यो समितिलाई नेपालका ४८ जिल्लामा विस्तार गरी उद्योग प्रवर्द्धनात्मक, सहजीकरण र उद्योग तथा वाणिज्य प्रशासन सम्वन्धी सेवाहरु प्रदान गर्ने गरी थप जिम्मेवारी सुम्पिएको छ।

# उद्देश्य र कार्यक्षेत्र

लघु, घरेलु तथा साना उद्योगहरुको विकास र विस्तारमा सहयोग पुऱ्याउनु यस समितिको मुख्य उद्देश्य हो। घरेलु तथा साना उद्योग विकास समिति गठन आदेश, २०५० अनुसार यसका कार्यक्षेत्र निम्नानुसार रहेका छन् :

क) विभिन्न किसिमका औद्योगिक (उद्यमी विकास र व्यवस्थापन पक्षमा) तालिम र आवश्यकता अनुसार विशेष तालिम दिने, दिलाउने।
ख) उद्योगहरुलाई ऋण वितरण कर्जा तथा लगानीमा सिफारिस गर्ने र सो योजनाको लागि उद्योगहरुको किसिम तथा प्राथमिकता तोक्ने।
ग) उद्योगहरुको स्थापना गर्ने र उत्पादित मालसामानहरु बिक्री वितरण गर्ने व्यवस्था गर्ने।
घ) किस्तावन्दीमा उद्यमीहरुलाई आवश्यक कोरामाल, मेसिन, ज्यावल, तथा औजार आदि बिक्री वितरण गर्ने।
ङ) उद्योगबाट उत्पादित मालसामानहरुको बिक्री वितरण बढाउने, नेपालभर बिक्री कक्ष खोल्ने र अन्तर्राष्ट्रिय बजारमा समेत त्यसको आवश्यक व्यवस्था गर्ने।
च) स्वदेशी वस्तुको निकासी बृद्धिका लागि सहायक हुने खालका अन्तर्राष्ट्रिय प्रदर्शनीमा भाग लिने र सो सम्बन्धमा आवश्यक व्यवस्था गर्ने।
छ) उद्योग प्रवर्द्धनमा सहायक हुने किसिमका योजना वा पुस्तकहरुको प्रकाशन गर्ने वा गोष्ठी, प्रदर्शनी, सम्मेलन तथा अध्ययन भ्रमणको आयोजना गर्ने।
ज) उद्योगको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने, उद्योगी वा शिल्पकारहरुलाई प्रोत्साहित गर्न पुरस्कार दिने व्यवस्था मिलाउने।
झ) माथिका खण्डहरुमा उल्लेखित कुराहरुको अतिरिक्त उद्योगको विकास तथा विस्तार गर्नका लागि आवश्यक पर्ने अन्य काम कारवाही गर्ने।
ञ) उद्योग/वाणिज्य, प्रशासन (दर्ता, नविकरण, नामसारी, ठाउँसारी, पूँजी बृद्धि, क्षमता बृद्धि तथा सहुलियत सिफारिस आदी) गर्ने।

# समितिबाट सम्पादित मुख्य क्रियाकलापहरु

## १. उद्यमी विकास कार्यक्रम



घरेलु तथा साना उद्योग विकास समितिले लघु, घरेलु तथा साना उद्योगको विकास तथा विस्तारका साथै यस क्षेत्रको प्रवर्द्धनका निम्ति विभिन्न कार्यक्रम तयार गरी सञ्चालन गर्दै आएको छ। सोही अनुरुप आफ्नो कार्यक्षेत्रमा रहेका नागरिकहरुको उद्यमशिलतालाई उजागर गरी सो सिपलाई परिष्कृत गर्दै विभिन्न सेवाहरु प्रदान गर्न तीन चरणका कार्यक्रमहरुलाई एउटै प्याकेजका रुपमा समावेश गरी उद्यमी विकास कार्यक्रम सञ्चालन गरिन्छ। यो कार्यक्रममा सहभागी हुने व्यक्तिहरु पछि उद्यमीको रुपमा स्थापित हुन सक्षम हुनेछन्।

## २. उद्योग प्रवर्द्धन कार्यक्रम



लघु, घरेलु तथा साना उद्योग व्यवसाय गर्न इच्छुक व्यक्ति, रुग्ण वा पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका लघु, घरेलु तथा साना उद्यमीहरुलाई माग अनुसार विभिन्न विषयमा सिप विकास, उद्यमशीलता विकास एवं विभिन्न विषयका व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्नुका साथै प्राविधिक र व्यवस्थापकीय सहयोग पुऱ्याई पूर्ण क्षमतामा उद्योग सञ्चालन गर्न सक्षम बनाउनु यो कार्यक्रमको मूल उद्देश्य रहेको छ।

यस कार्यक्रम अन्तरगत मुख्य कार्यक्रमको रुपमा व्यवसाय स्थापना तथा सञ्चालनको लागि निम्न कार्यक्रमहरु सञ्चालन हुँदै आएको छ :

### क. साझेदारी विकास कार्यक्रम



यो कार्यक्रम स्थानीय माग र सम्भाव्यताको आधारमा स्थानीय तथा सरकारी निकाय तथा गैह्र सरकारी संघ संस्थाहरुको समन्वय र सहयोगमा सहभागितामूलक सीप विकास तालिम कार्यक्रमहरु संयुक्त रुपमा सञ्चालन गर्नु यो कार्यक्रमको मूल उद्देश्य रहेको छ।

### ख. पुनर्ताजगी तालिम कार्यक्रम



समितिले सञ्चालन गर्ने विभिन्न तालिममध्ये पुनर्ताजगी तालिम पनि एक हो। खास गरी व्यवसाय सञ्चालन गरिरहेका तर बजारको माग र नयाँ नयाँ प्रविधिहरुको बारेमा थप सिप आवश्यक भएका उद्यमीहरुको मागका आधारमा यो कार्यक्रम सञ्चालन गरिन्छ।

### ग. अन द जव तालिम कार्यक्रम



उद्योग/व्यवसाय सञ्चालन, प्रवर्द्धन एवं विविधिकरण गर्न ईच्छा भएका तर आवश्यक सिप, ज्ञान नभएका कारणले केही गर्न नसकेका व्यक्ति वा समूहलाई जुन विषयको व्यवसाय सञ्चालन गर्न ईच्छा गरेको हो, सोही विषयको उद्योग वा सम्बन्धित कार्यशालामा सैद्धान्तिक एवं व्यवहारिक ज्ञानको साथै उद्योग सञ्चालनको विविध पक्षको बारेमा समेत स्थलगत अवलोकन तथा तालिम दिने गरिन्छ।

### घ. बजारयोग्य नमुना संकलन तथा डिजाईन पुस्तिका प्रकाशन एवं वितरण कार्यक्रम



यस कार्यक्रम अन्तरगत उद्यमीहरुलाई आवश्यक बजार योग्य वस्तुहरुको नमूना संकलन तथा विभिन्न वस्तुहरुको डिजाइन संकलन गरी पुस्तिका प्रकाशन गरी निशुल्क वितरण गरिन्छ। यस्ता पुस्तिकाको प्रयोगबाट उद्यमी व्यवसायीहरुको आफ्नो उद्योग व्यवसायको प्रवर्द्धन तथा विस्तारमा सहयोग पुग्दछ।

## ३.महिला उद्यमी विकास कार्यक्रम



उद्योग व्यवसायको क्षेत्रमा महिलाहरुको संलग्नता न्यून मात्र हैन संलग्न व्यक्तिहरु पनि परम्परागत उद्योगमा कम प्रतिफल प्राप्त हुने ढिलो, पुरानो प्रविधिमा आधारित उद्योग व्यवसायमा नै रुमलिएको पाइन्छ। महिलाहरुको यस्तो स्थितिलाई परिवर्तन गरी लघु, घरेलु तथा सना उद्योगहरुको प्रवर्द्धन तथा विकासद्वारा महिला उद्यमीहरुको जीवनस्तरमा सुधार ल्याउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

## ४. प्राविधिक तथा परामर्श सेवा कार्यक्रम



उद्योग व्यवसाय सञ्चालन गर्न उद्योग व्यवसायलाई आवश्यक पर्ने मेशिन औजार (प्रविधि) सम्बन्धी जानकारी, जडान र सञ्चालन सम्बन्धी प्राविधिक सेवा, नमूना उत्पादन र डिजाइन सम्बन्धी जानकारी, आवश्यकता अनुसार उत्पादन, लेखार बजार व्यवस्थापन सम्बन्धी प्राविधिक तथा परामर्श सेवा प्रदान गर्ने उद्देश्य रहेको छ।

## ५. वस्तु विकास तथा प्रशिक्षण कार्यक्रम



घरेलु तथा साना उद्योग विकास समितिले बजारको प्रचुर संभावना, स्थानीयस्तरमा कच्चापदार्थको सहज र अधिक आपूर्ति हुने विभिन्न बस्तुहरुको बजारयोग्य नमूना डिजाइनहरुको अनुसन्धान तथा विकास र प्रवर्द्धन गरी सक्षम उद्यमी तथा व्यवसायी तयार गर्ने उद्देश्यले वस्तु विकास तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस कार्यक्रममा देशका पचहत्तर जिल्लाका उद्यमी/प्रशिक्षार्थीहरुलाई संलग्न गराइन्छ। हाल यो कार्यक्रम ११ वटा जिल्लाहरुमा सञ्चालन भैइरहेको छ।

## ६. मेशिन औजार तथा उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम



घरेलु तथा साना उद्योग विकास समितिले लघु घरेलु तथा साना उद्यमीहरुको व्यवसायिक प्रवर्द्धनको लागि समितिको नीति, लक्ष्य र उद्देश्य अनुरुप समितिबाट सञ्चालित तालिम पुरा गर्ने प्रशिक्षार्थीहरुलाई आफ्नै उद्योग सञ्चालन गर्ने प्रतिवद्धता देखाएमा प्राथमिकताको आधारमा तालिममा प्रयोग भएका मेसिन औजार तथा उपकरणहरु सहुलियत (छुट) दरमा उपलब्ध गराईने छ। साथै उद्यमीहरुको उत्पादनको गुणस्तर वृद्धि, उत्पादकत्वमा वृद्धि र लागत मूल्यमा कमी ल्याउन उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम अन्तरगत नयाँ नयाँ प्रविधिका मेसिन औजारहरु पनि सहुलियत दरमा उपलब्ध गराइदै आएको छ।

## ७.राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा उत्कृष्ट लघु, घरेलु तथा साना उद्यमी पुरस्कार कार्यक्रम



लघु, घरेलु तथा साना उद्योगहरुको विकास, विस्तार र प्रवर्द्धनको क्षेत्रमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्दै आएको परिप्रेक्ष्यमा राष्ट्रिय औद्योगिक वस्तु तथा प्रविधी प्रदर्शनी उत्कृष्ट र लघु, घरेलु तथा साना उद्यमी पुरस्कार कार्यक्रम पनि एक हो। समितिले यस कार्यक्रममा ७५ वटै जिल्लाका लघु, घरेलु तथा साना उद्योगबाट उत्पादन भएका वस्तु तथा यस लघु, घरेलु तथा साना उद्योगहरुको क्षेत्रमा प्रयोग भएका प्रविधिहरुलाई समेत समावेश गरी कार्यक्रम सञ्चालन गर्ने गर्दछ। प्रदर्शनीमा सहभागी उद्योग तथा उद्यमीहरुलाई विभिन्न समूहमा विभाजन गरी उत्कृष्ट पुरस्कारबाट पुरस्कृत गर्ने गरिएको छ।

## ८. भूकम्प पुन निर्माणका लागि तालिम



भूकम्पबाट क्षति भएका घरहरु निर्माण गर्न भूकम्प प्रतिरोधी प्रविधि सहितको ४५ दिने डकर्मी तालिम प्रदान गरी दक्ष जनशक्तिको आपूर्ति गर्ने कार्यको थालनी गरिएको छ। यसका साथै सिकर्मी, हाउसवायरिङ, प्लम्विङ तालिमहरु समेत सञ्चालन गरिएका छन्।

## ९. परम्परागत सिप प्रवर्द्धन कार्यक्रम



परम्परादेखि सञ्चालन गर्दै आएका उद्यमीहरुको क्षमता वृद्धिको लागि आवश्यकता अनुसारका सिपहरु प्रदान गरिने कार्यक्रमको सुरुवात गरिएको छ। यसबाट परम्परादेखि गर्दै आएका उद्यमीलाई सहयोग प्राप्त भई उनीहरुको उत्पादन, उत्पादकत्वमा वृद्धि हुने अपेक्षा गरिएको छ।

## १०. सीप विकास तथा रोजगार कार्यक्रम



भिन्न क्षमता भएका एकल महिला, दलित, जनजाति, आदिवासीलाई उद्यम मार्फत् रोजगारी दिलाउने उद्देश्यका साथ थप कार्यक्रम सञ्चालन गरिएको छ।

## ११.युवा उद्यमशिलता तथा औद्योगिक जनशक्ति विकास कार्यक्रम

युवाहरु उद्यम क्षेत्रमा आकर्षित गर्न तथा स्थापित उद्योगहरुलाई दक्ष जनशिक्त आपुर्ति गर्ने उद्देश्यका साथ यो कार्यक्रम सुरु गरिएको छ। यसबाट वैदेशिक रोजगारीका लागि श्रम गर्न जाने जनशक्तिले स्वदेशमानै रोजगारी पाउने छन्।

## १२. कोशेलीघर स्थापना तथा सञ्चालन सहयोग कार्यक्रम



लघु, घरेलु तथा साना उद्योगी व्यवसायीहरुको उत्थानको लागि संस्थागत रुपमा प्रवर्द्धनात्मक सेवाहरु उपलब्ध गराउन यस समितिले विगत धेरै वर्षदेखि देशका पहाडी तथा हिमाली क्षेत्रका ४८ जिल्लाहरुमा निरन्तर रुपमा कार्य गरिरहेको छ। समितिको गठन आदेश २०५० मा पनि उद्योगबाट उत्पादित मालसामानहरुको विक्री वितरण बढाउने, नेपाल भर विक्री कक्ष खोल्ने र अन्तराष्ट्रिय बजारमा समेत त्यसको आवश्यक व्यवस्था गर्ने उद्देश्य र कार्यक्षेत्र तोकिएको सन्दर्भमा कोशेलीघर स्थापना तथा सञ्चालन गर्न आवश्यक देखिएकोले यो कार्यक्रम सञ्चालन गरिएको छ।

## १३. प्रशिक्षार्थी अनुगमन/अर्न्तक्रिया कार्यक्रम



घरेलु तथा साना उद्योग विकास समितिले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरु मध्ये प्रशिक्षार्थी अनुगमन कार्यक्रम अति महत्वपूर्ण रहेको छ। समितिले विभिन्न समयमा सञ्चालन गरेका विभिन्न प्रकारका सीप तथा उद्यमशिलता र व्यवस्थापकीय क्षमता विकास तालिम कार्यक्रमहरुमा सहभागी प्रशिक्षार्थीहरुलाई सम्बन्धित विषयको उद्योग व्यवसाय स्थापना तथा प्रवर्द्धन कार्यको लागि प्रेरित गर्न र भावी योजना तर्जुमा र कार्यान्वयन गर्न यो कार्यक्रमले सहज वातावरण निर्माण गरेको छ।

## १४. सूचना तथा सञ्चार सम्बन्धी कार्यक्रम

नेपाल सरकारबाट भएका निर्णय, नीति नियम तथा यस घरेलु तथा साना उद्योग विकास समितिबाट भए गरेका उपलब्धिहरुको बारेमा प्रचार प्रसार गरी उद्यमी व्यवसायी तथा सर्वसाधारण जनतालाई जानकारी गराउने उद्देश्यले विभिन्न सुचनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ जसमध्ये घरेलु उद्योग दर्पण घरेलु तथा साना उद्योग विकास समिति संक्षिप्त परिचय पुस्तिका, व्रोसरहरु प्रकाशन गर्दै आएको छ भने महिनाको प्रत्येक हप्ता विहान ८.१५ देखि ८.२५ सम्म रेडियो नेपालबाट, **हाम्रो उद्यम** कार्यक्रम र महिनाको अन्तिम शुक्रबार विहान ८.३० देखि **हाम्रो उद्यम** वृत्तचित्र नेपाल टेलिभिजनबाट प्रसारण गरिदै आएको छ।




